## सराङ्ग गाउँ सभाको मित २०७७।०३।१६ गते बसेको सातौं अधिवेशनको दोश्रो बैठकको निर्णयहरु :

अध्यक्ष श्री राजकुमार मल्लले कार्यपालिका सदस्य तथा वडा नं. ४ को वडाध्यक्ष श्री संजय कोइरालालाई चालु आर्थिक वर्षमा गाउँ कार्यपालिकाको बैठकले गरेका निर्णय तथा गाउँ कार्यपालिकाको कार्यालयबाट भए, गरेका कार्यहरु अनुमोदन गरियोस भन्ने प्रस्ताव पेश गर्न अनुमति दिनुभयो । वडाध्यक्ष श्री संजय कोइरालाले उक्त प्रस्ताव पेश गरेपश्चात अध्यक्ष राजकुमार मल्लले कार्यपालिका सदस्य तथा वडा नं. ७ को वडाध्यक्ष श्री कुल बहादुर प्रजालाई उक्त प्रस्ताव उपर समर्थन जनाउन समय दिनुभयो । अध्यक्ष राजकुमार मल्लले चालु आर्थिक वर्षमा गाउँ कार्यपालिकाको बैठकले गरेका निर्णय तथा गाउँ कार्यपालिकाको कार्यालयबाट भए, गरेका कार्यहरु अनुमोदन गरियोस भन्ने प्रस्तावलाई छलफलको लागि समय निर्धारण गर्दा कुनैपनि सदस्यले छलफलमा भाग लिन नचाहेपछि अध्यक्ष श्री राजकुमार मल्लले उक्त प्रस्तावलाइ निर्णयार्थ प्रस्तुत गर्नुभयो र सभाले चालु आर्थिक वर्षमा गाउँ कार्यपालिकाको बैठकले गरेका निर्णय तथा गाउँ कार्यपालिकाको कार्यालयबाट भए, गरेका कार्यहरु अनुमोदन गरियोस भन्ने प्रस्तावलाई सर्वसम्मत स्वीकृत गर्‍यो ।

तदुपरान्त अध्यक्ष श्री राजकुमार मल्लले कार्यपालिका सदस्य श्री सिमोन वि.क.लाई चालु आर्थिक वर्षमा गाउँ कार्यपालिको कार्यालयबाट भएका खर्चहरु अनुमोदन गरियोस भन्ने प्रस्ताव पेश गर्न अनुमति दिनुभयो । कार्यपालिका सदस्य श्री सिमोन वि.क.ले उक्त प्रस्ताव पेश गरेपश्चात अध्यक्ष राजकुमार मल्लले कार्यपालिका सदस्य तथा वडा न. ९ को वडाध्यक्ष श्री राम कुमार वाल्वा थिङलाई उक्त प्रस्ताव उपर समर्थन जनाउन समय दिनुभयो । अध्यक्ष राजकुमार मल्लले चालु आथिक वर्षमा गाउँ कार्यपालिको कार्यालयबाट भएका खर्चहरु अनुमोदन गरियोस भन्ने प्रस्तावलाई छलफलको लागि समय निर्धारण गर्दा कुनैपनि सदस्यले छलफलमा भाग लिन नचाहेपछि अध्यक्ष श्री राजकुमार मल्लले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुभयो र सभाले चालु आर्थिक वर्षमा गाउँ कार्यपालिको कार्यालयबाट भएका खर्चहरु अनुमोदन गरियोस भन्ने प्रस्तावलाई सर्वसम्मत स्वीकृत गर्‍यो ।

तदुपरान्त अध्यक्ष श्री राजकुमार मल्लले उपाध्यक्ष श्री निर्मला हिम्दुङ्गलाई आगामी आर्थिक वर्ष २०७७ ०७८ को आय र व्ययको अनुमान (बजेट) सभामा छलफलको लागि प्रस्तुत गर्न अनुमति दिनुभयो । उपाध्यक्षद्धारा आफ्ना कुरा राख्दै आय र व्ययको अनुमान (बजेट) वाचन गर्ने जिम्मेवारी कार्यपालिका सदस्य तथा वडा नं. ८ का वडाध्यक्ष श्री रामकृष्ण प्रजालाई सुम्पनुभयो । वडाध्यक्ष श्री रामकृष्ण प्रजाले आगामी आर्थिक वर्ष २०७७/७८ को आय र व्ययको अनुमान (बजेट) प्रस्तुत गरे पश्चात उक्त प्रस्तावलाई कार्यपालिका सदस्य वडा नं. ६ को वडाध्यक्ष श्री सिंहलाल प्रजाले समर्थन जनाउनुभयो । तदुपरान्त अध्यक्ष श्री राजकुमार मल्लले आगामी आर्थिक वर्ष २०७७ ०७८ को आय र व्ययको अनुमान (बजेट) माथी छलफलको समय निर्धारण गर्नुभयो । छलफलमा भाग लिंदै गाउँ सभा सदस्य श्री सुनमाया ब्लोनले महिला वालवालिकाको क्षेत्रमा सचेतनामूलक कार्यक्रमहरु राख्नुपर्ने सुझाव राख्नुभयो । त्यसैगरी अर्का गाउँ सभा सदस्य श्री दिल बहादुर राना मगरले आफ्ना कुराहरु राखे पश्चात गाउँ सभा सदस्य श्री सुरेश घलानले बजेट अत्यन्तै राम्रो आएका तर, कार्यान्वयनको पक्ष चुनौतीपूर्ण भएको हुँदा अनुगमनको पाटो प्रभावकारी बनाउन जोड दिनुभायो । छलफलकै क्रममा अर्का सदस्य श्री टिकामाया मगरले अपांग, एकल महिलाको बजेट कम भएको हो कि ? भन्दै सामाजिक सशक्तिकरण र सामाजिक सुरक्षामा जोड दिनु पर्ने कुराहरु राख्नुभयो । तदुपरान्त अध्यक्ष राजकुमार मल्लले आगामी आर्थिक वर्ष २०७७/०७८ को आय र व्ययको अनुमान (बजेट) सभाको स्वीकृतिको लागि निर्णयार्थ प्रस्तुत गर्नुभयो र सभाले आगामी आर्थिक वर्ष २०७७ ०७८ को आय र व्ययको अनुमान (बजेट) लाइ सर्वसम्मत स्वीकृत गर्‍यो ।

तदुपरान्त अध्यक्ष श्री राजकुमार मल्लले कार्यपालिका सदस्य तथा वडा नं. ३ को वडाध्यक्ष श्री वावुलाल स्याङ्तानलाई गत आर्थिक वर्षसम्म बाँकी रहेका पेश्की, वेरुजुहरु संपरीक्षणको लागि महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने प्रस्ताव पेश गर्न अनुमति दिनुभयो । वडाध्यक्ष श्री वावुलाल स्याङतानले उक्त प्रस्ताव पेश गरेपश्चात अध्यक्ष राजकुमार मल्लले कार्यपालिका सदस्य तथा वडा नं. २ को वडाध्यक्ष श्री सुर्य वहादुर भुक्तानलाई उक्त प्रस्ताव उपर समर्थन जनाउन समय दिनुभयो । अध्यक्ष राजकुमार मल्लले गत आर्थिक वर्षसम्म बाँकी रहेका पेश्की, वेरुजुहरु संपरीक्षणका लागि महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने भन्ने प्रस्तावलाई छलफलको लागि समय निर्धारण गर्दा कुनैपनि सदस्यले छलफलमा भाग लिन नचाहेपछि अध्यक्ष श्री राजकुमार मल्लले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुभयो र सभाले गत आर्थिक वर्षसम्म बाँकी रहेका पेश्की, वेरुजुहरु संपरीक्षणको लागि महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने प्रस्तावलाई सर्वसम्मत स्वीकृत गर्‍यो ।

**तदुपरान्त अध्यक्ष राजकुमार मल्लले गाउँ सभाको सातौं अधिवेशन अन्त भएको घोषणा गर्नुभयो ।**

राजकुमार मल्ल
अध्यक्ष